# प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) नेपाल लिमिटेडको
# २९ औं वार्षिक साधारण सभा बस्ने सूचना

यस कम्पनीको मिति २०७९/०९/०७ गते बसेको संचालक समितिको ३१५ औं बैठकको निर्णयानुसार कम्पनीको २९ औं वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न लिखित विषय उपर निर्णय गर्न बस्ने व्यहोरा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थानः**

मिति : २०७९/०९/२९ (१३/०१/२०२३) शुक्रबार

समय : बिहान ११:०० बजे

स्थान : लिसारा रिसेप्सन, भगवती बाहाल, नक्साल, काठमाडौं

**छलफलका बिषयहरुः**

**क. सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा-नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह सहितको विवरण तथा सो सँग सम्वन्धित अनुसुचीहरु छलफल गरी पारीत गर्ने ।

३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०७९/०८० को लागि लेखापरीक्षक नियुक्त गरी, निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुँक्ता पुजीको ०.७५ प्रतिशतले हुन आउने रकम रु ९२,०७,६३७/- (बयानब्बे लाख सात हजार छ सय सैंतीस मात्र नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।

**ख) बिशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजीका १४.२५ प्रतिशतले हुन आउने रकम रु. १७,४९,४५,१००/- (रु. सत्र करोड उन्नचास लाख पैतालिस हजार एक सय मात्र) बरावरको बोनस शेयर जारी गर्ने ।

२. प्रवन्ध पत्रको दफा ८(क) र ८(ख) मा संशोधन गर्ने ।

३. नियमावलीको नियम ३(क) र ३(ख) मा संशोधन गर्ने ।

४ प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. मा सिद्धार्थ इन्स्योरेन्स लि. गाभ्ने/गाभिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

५. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. मा सिद्धार्थ इन्स्योरेन्स लि. गाभिए पश्चात बन्ने निर्जीवन बीमा व्यबसाय गर्ने कम्पनीको नाम “सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड” तथा अंग्रेजीमा "Siddhartha Premier Insurance Limited" कायम गरी सो नामबाट निर्जीवन बीमा व्यबसाय गर्ने विशेष प्रस्ताव पारित गर्ने ।

६. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. मा सिद्धार्थ इन्स्योरेन्स लि. गाभ्ने/गाभिने (Merger) सम्बन्धी प्रारम्भिक सहमति पत्र (Memorandum of Understanding) तथा गाभ्ने/गाभिने सम्वन्धमा भए गरेका अन्य काम कारवाहीहरु अनुमोदन गर्ने ।

७. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि नियुक्त मूल्याङ्कनकर्ता G.P.Rajbahak & Co. चार्टर्ड एकाउन्टेण्ट्सद्वारा तयार गरेको दुवै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due diligence Audit) तथा अन्य सम्वद्ध व्यवस्था समेतका आधारमा निर्धारण गरिएका शेयर अनुपात (Share Swap Ratio) १ : १ स्वीकृत गर्ने ।

८. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी अन्तिम सम्झौता पत्र (Final Arrangement) स्वीकृत गर्ने र Merger सम्बन्धी बाँकी कार्य र आवश्यक प्रकृया पूरा गरी सिद्धार्थ इन्स्योरेन्स लि.सँग Merger को लागि अन्तिम स्वीकृति प्रदान गर्ने ।

९. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि चल/अचल सम्पत्ती तथा दायित्व मूल्याङ्कन (Due diligence Audit) गरी प्रतिवेदन तयार गर्न नियुक्त गरेको लेखापरिक्षक/मूल्याङ्कनकर्ता नियुक्ती तथा निजलाई प्रदान गरिएको पारिश्रमिक अनुमोदन गर्ने ।

१०. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभिए पछि गठन हुने सञ्चालक समितिमा यस कम्पनी तर्फवाट प्रतिनिधि तोक्ने अधिकार सञ्चालक समिति र Merger पछि वन्ने संस्थाको सञ्चालक समितिमा सिद्धाथ इन्स्योरेन्स लि.बाट चयन भई आउनु हुने सञ्चालकलाई पदस्थापन एवम् अनुमोदन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रत्यायोजन गर्ने ।

११. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि को साविक सञ्चालक समितिको सदस्यहरुको कार्यकाल जतिसुकै अवधि बाँकि रहेको भए तापनि गाभ्ने/गाभिने कार्य सम्पन्न भई साबिक दुवै कम्पनीवाट प्रतिनिधित्व रहने गरी नयाँ सञ्चालक समिति गठन भए पश्चात बाँकी कार्यकाल स्वतः समाप्त भएको मानिने तथा नयाँ सञ्चालक समितिको कार्यकाल Merger पछि वस्ने कम्पनीको वार्षिक/विशेष साधारण सभा नभए सम्म मात्र कायम रहने विशेष प्रस्ताव पारित गर्ने ।

१२. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभ्ने/गाभिने (Merger) सम्बन्धी बिशेष प्रस्ताव वार्षिक साधारण सभावाट पारित विशेष प्रस्ताव वमोजिम नियमनकारी निकायवाट स्वीकृतिको लागि निवेदन गर्ने, मर्जरसँग सम्बन्धित प्रचलित कानून वा निर्देशन वमोजिम अपनाउनु पर्ने वा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य एवम् प्रकृया पूरा गरी अन्तिम स्वीकृती लिने र Merger सम्बन्धी सम्पूर्ण कार्यहरु गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१३. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. को केन्द्रिय कार्यालय का.म.पा. वडा नं. १ नक्साल, नारायणचौर र सिद्धार्थ इन्स्योरेन्स लि. को केन्द्रिय कार्यालय बबरमहलमा यथास्थितीमा रहने गरी एक आपसमा गाभिए पछि आपसी सहमतीमा केन्द्रिय कार्यालयको व्यवस्थापन गरिने छ ।

१४. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभिए पछि कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि हुने हुँदा सोहि बमोजिम हुने गरी प्रबन्ध पत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने ।

१५. प्रिमियर इन्स्योरेन्स क. (नेपाल) लि. तथा सिद्धार्थ इन्स्योरेन्स लि. एक आपसमा गाभिए पछि संस्थापक र सर्व साधारण शेयर स्वमित्व प्रतिशत फेरवदन गर्नु पर्ने भएमा संस्थापक शेयर ५१ प्रतिशत र सर्वसाधारण शेयर ४९ प्रतिशत कायम गर्ने ।

१६. प्रवन्ध पत्र तथा नियमावली गर्नु पर्ने उल्लेखित संशोधन फेरवदन वा थपघट गर्न अभिलेख वा स्वीकृत गर्ने निकायवाट कुनै निर्देशन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

**अन्य जानकारी**

वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७९ /०९/ २२ देखि साधारण सभा हुने दिन सम्म कम्पनीको शेयर दाखिला खारिज बन्द रहनेछ ।